**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक)

**केन्द्रीय कार्यालयः**
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-४५४०११५
टोल फ्रि नं. १६६००-११-३०००
Email: info@kamanasewabank.com
www.kamanasewabank.com

# पन्ध्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७८ साल असोज २६ गते, कारोबार राष्ट्रिय दैनिक)

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कामना सेवा विकास बैंकको मिति २०७८/०६/२५ गते बसेको सञ्चालक समितिको ३१६ औं बैठकद्वारा गरिएको निर्णयानुसार यस बैंकको पन्ध्रौं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा बस्ने मिति, समय र स्थान**

मिति : २०७८ साल कार्तिक २३ गते मंगलबार, (तदनुसार ०९ नोभेम्बर २०२१) ।
समय : बिहान १०:०० बजे ।
स्थान : पार्क भिलेज रिसोर्ट, बूढानीलकण्ठ, काठमाडौं ।

(सञ्चालक निर्वाचनमा मतदान गर्नका लागि कम्पनी ऐन, २०६३ को दफा ७१ को उपदफा २ र ३ बमोजिम शेयरधनी महानुभावहरु स्वयम् उपस्थिति भै वा प्रोक्सीको माध्यमबाट मतदानमा भाग लिन सक्नु हुनेछ। कोभिड–१९ को जोखिम कायमै रहेको परिस्थितिमा जमघट कम गर्ने उद्देश्यले यथासम्भव प्रोक्सी मार्फत निर्वाचनमा भाग लिन अनुरोध गरिन्छ) ।

**छलफलका विषयहरु :**

**क. सामान्य प्रस्तावहरु :**

१. आ.व. २०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७८ को वासलात, आ.व. २०७७/०७८ को नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७७/०७८ को मुनाफा तथा संचित मुनाफा रकम समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजी रु. २,६५,१९,६३,७३१.५९ को ०.९७ प्रतिशतले हुन आउने नगद लाभांश रु. २,५७,२४,०४८.२० (अक्षरेपी दुई करोड सन्ताउन्न लाख चौबिस हजार अठचालिस रुपैयाँ र बीस पैसा मात्र) बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ वितरण गर्ने प्रस्तावउपर छलफल गरी पारित गर्ने ।
४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७८/०७९ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. संस्थापक समूहबाट ३ जना र सर्वसाधारण समूहबाट ३ जना गरी जम्मा ६ जना सञ्चालकको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्तावहरुः**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७७/०७८ को मुनाफा तथा संचित मुनाफा रकम समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजी रु. २,६५,१९,६३,७३१.५९ को १८.५० प्रतिशतका दरले हुने रकम रु. ४९,०६,१३,२९०.३४ (अक्षरेपी उनन्चास करोड छ लाख तेह्र हजार दुई सय नब्बे रुपैयाँ र चौंतिस पैसा मात्र) बोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव उपर छलफल गरी पारित गर्ने । साथै, बोनस सेयर जारी पश्चात् कायम हुन आउने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने ।
२. विशेष प्रस्ताव (पस्ताव नं. १) पारित भए अनुसार हुनेगरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्न विकास बैंकको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।
३. अधिकृत पूँजी वृद्धि गर्न विकास बैंकको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।
४. बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै थपघट, परिमार्जन वा संशोधनको निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।
५. यस कामना सेवा विकास बैंक लिमिटेड र इजाजतपत्र प्राप्त अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एकापसमा प्राप्ति र गाभ्ने वा गाभिने (Merger/Acquisition) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, उपयुक्त देखिएमा सो सम्बन्धी समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने तथा सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्व मूल्याङ्कन (DDA) सम्बन्धी कार्य गर्ने, सोको लागि लेखापरीक्षक नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने लगायतका आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी दिने ।

**ग. विविध :**

**साधारणसभा सम्बन्धी थप जानकारी**

१. **यस पन्ध्रौं वार्षिक साधारणसभा प्रयोजनको लागि बैंकको शेयरधनी दर्ता पुस्तिका मिति २०७८/०७/१० गते एक दिन बन्द रहनेछ। शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति २०७८/०७/१० भन्दा अघिल्लो दिनसम्म कारोबार भई प्रचलित नियमबमोजिम यस विकास बैंकको सेयर रजिष्ट्रार बि.ओ.के. क्यापिटल मार्केट लि. काठमाडौंमा प्राप्त सेयर नामसारीको लिखतको आधारमा सेयरधनी दर्ता कितावमा कायम सेयरधनीहरुले मात्र उक्त साधारणसभामा भाग लिन, मतदान गर्न र बोनस शेयर तथा नगद लाभांश प्राप्त गर्न सक्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। नेपाल स्टक एक्स्चेन्जमा कारोबार भई धितोपत्र व्यावसायी (सदस्य दलाल) को Pool Account मा रहेको सेयरका आधारमा सेयरधनी कायम नहुने भएकाले उल्लिखित मिति भित्र सेयरधनीको खातामा समावेश गर्न समेत सम्बन्धित धितोपत्र व्यावसायीलाई अनुरोध गरिन्छ।**
२. शेयरधनी महानुभावहरुलाई बैंकको शेयरधनी लगतमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पुस्तिका पठाईने छ। साथै, उक्त पुस्तिका प्राप्त हुन नसकेमा यस बैंकको वेबसाइट मार्फत प्राप्त गर्न सक्नुहुनेछ । विश्वभर फैलिएको कोरोना भाईरस (कोभिड १९) को महामारी रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारबाट जारी गरिएको स्वास्थ्य सम्बन्धी निर्देशन एवं मापदण्डहरुको सम्मान एवं परिपालना गर्दै अनलाईन भर्च्युअल (Video Conference) माध्यमबाट सभामा सहभागि हुने, आफ्नो मन्तव्य राख्ने तथा मतदान गर्न सक्ने व्यवस्था समेत मिलाईएको हुँदा कोभिड-१९ को संक्रमणबाट बच्न र बचाउन अनलाईन भर्च्युअल (Video Conference) माध्यमबाट सभामा सहभागी भई दिनु हुन शेयरधनी महानुभावहरुमा विशेष अनुरोध गरिन्छ ।
३. भर्च्युअल (Video Conference) माध्यमबाट सभामा सहभागि हुने, आफ्नो मन्तव्य राख्ने तथा मतदान गर्न शेयरधनी महानुभावहरुले सभा हुन भन्दा कम्तिमा ४८ घण्टा अगावै आफ्नो परिचय पत्र सहित बैंकले जारी गरेको शेयर प्रमाणपत्र/डिम्याट खाता खोलिएको प्रमाणपत्रको स्क्यान कपी समावेश गरी ईमेल ठेगाना agm@kamanasewabank.com वा मोवाईल नं. ९८४९४१२३४२ मा Whatsapp मा पठाउनु पर्नेछ। यसरी प्राप्त भएको ईमेल वा Whatsapp मार्फत भर्च्युअल (Video Conference) माध्ययमबाट सभामा सहभागी हुनको लागि Meeting ID र Password उपलब्ध गराइनेछ। सभामा आफ्नो लिखित मन्तव्य दिन चाहने शेयरधनीहरुले माथि उल्लिखित इमेल मार्फत दिन सक्ने व्यवस्था समेत मिलाईएको छ।
४. सभा शुरु हुनुभन्दा १ घण्टा अगाडिबाट Online Login खुल्ला गरिने छ । उक्त १ घण्टा समय भित्र सभामा सहभागी शेयरधनीहरुले उपलब्ध गराईएको Meeting ID र Password को माध्यमबाट Online Login गरी सभामा उपस्थित हुनुपर्ने छ । यसरी भएको उपस्थितिलाई पनि सभा स्थलमा उपस्थित भए अनुसार मान्यता दिईनेछ । शेयरधनीको उपस्थितिबाट कम्पनी ऐनको व्यवस्था बमोजिम सभाका लागि आवश्यक गणपूरक संख्या पूरा भए पश्चात् सभाको कामकारवाही अगाडि बढाईने छ ।
५. नावालक वा होस ठेगानमा नरहेको शेयरधनीको तर्फवाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न र प्रतिनिधि नियुक्त गर्न समेत सक्नेछन् । शेयरवालाको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ। संयुक्त रुपमा शेयर खरिद गर्ने शेयरधनीको हकमा शेयर लगतमा जसको नाम पहिला उल्लेख गरिएको छ, सो व्यक्ति वा संयुक्त शेयरधनीको सर्वसहमतिबाट आफूहरुमध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मतदान गर्न सक्नुहुने छ ।
६. साधारणसभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी ऐनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालय, काठमाडौं ३०, ज्ञानेश्वरमा निर्वाचन अधिकृतको कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। बैंकको शेयरधनी बाहेक अन्य व्यक्तिलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमवाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।
तर, प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले आफूले अगाडि दिएको प्रतिनिधी (प्रोक्सी) बदर गरेको स्पष्ट उल्लेख गरी निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउनेछन् यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ।
७. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई तोकिएको समय भित्र हाजिरी किताबमा दस्तखत गरी सभामा भाग लिएमा अगाडि दिएको प्रोक्सी स्वतः बदर भएको मानिनेछ ।
८. यस बैंकको शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले विकास बैंकको कुनै अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नेछ। त्यसरी प्रतिनिधी (प्रोक्सी) मुकरर नगरिएको अवस्थामा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछन् ।
९. विविध शीर्षक अन्तर्गत शेयरधनी महानुभावले विकास बैंकको सम्बन्धमा तोकिएको प्रस्ताव बाहेक अन्य कुनै विषयमा छलफल, टिप्पणी, राय वा सुझाव राख्न आवश्यक ठानेमा शेयरधनी महानुभावहरुले आफूले प्रस्तुत गर्न चाहेको विषयबारे सभा हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै कार्यालय समयभित्र लिखित रुपमा विकास बैंकको केन्द्रीय कार्यालयमा जानकारी दिनुपर्नेछ। यसरी पूर्व जानकारी नगराएको विषयमा सभामा छलफल तथा निर्णय गरिने छैन ।
१०. सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम मति २०७८/०७/१६ गते बैंकको केन्द्रीय कार्यालय, काठमाडौं–३०, ज्ञानेश्वर स्थित सूचनापाटीमा टाँसिनेछ।
११. निर्वाचन सम्बन्धी अन्य कार्यहरु बैंकको स्वीकृत सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका–२०७५ तथा प्रचलित ऐन, नियम बमोजिम हुनेछ।
१२. स्वदेश वा विदेशमा रही साधारणसभामा उपस्थित हुन नसक्ने शेयरधनी महानुभावहरुले बैंकको आधिकारिक वेबवसाइट www.kamanasewabank.com मा रहेको प्रोक्सी फाराम डाउनलोड गरी हस्ताक्षर गरी प्रोक्सी फाराम बैंकको agm@kamanasewabank.com मा पठाउन सक्नुहुनेछ।
१३. साधारणसभा सम्बन्धी अन्य थप जानकारी तथा वार्षिक प्रतिवेदनको लागि विकास बैंकको केन्द्रीय कार्यालयको टोल फ्री नं. १६६००११३००० र फोन नं. ०१-४५४०११५ मा सम्पर्क गर्नुहुन वा वार्षिक प्रतिवेदन उपलब्ध हुन नसकेको खण्डमा विकास बैंकको वेबसाइट www.kamanasewabank.com हेर्नुहुन वा काठमाडौं ३०, ज्ञानेश्वर स्थित बैंकको केन्द्रीय कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्नुहुन अनुरोध छ।

.................................
**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**